समाज कल्याण परिषद्

# परियोजना सम्झौता सम्वन्धि निर्देशिका २०७१

दोस्रो संशोधन- २०७३

| क.स | नियम र उप-नियम | साविकको व्यवस्था | संशोधन/थप | संशोधनको पुष्ट्याई |
|---|---|---|---|---|
| १ | ४ (ख) मा संशोधन | प्राथमिकता: राष्ट्रिय नीति तथा नेपाल सरकारका केन्द्र तथा जिल्ला स्थित निकाय र परिषद्संगको परामर्श समेतका आधारमा गा.वि.स./नगर, जिल्ला, लाभान्वीत वर्ग, विकास क्षेत्र (Sector of Development) को छनौट गर्नु पर्ने छ। | ४ (ख) १ संशोधन: प्राथमिकता: राष्ट्रिय नीति वा राष्ट्रिय योजना आयोगले मानव विकास सूचाङ्कको न्यून विकासमा रहेका भनि प्रथम प्राथमिकता तोकिएका कम्तिमा एक जिल्ला छनोट गरि कार्यक्रम तर्जुमा गर्नु पर्नेछ । नेपाल सरकारका केन्द्र तथा जिल्ला स्थित निकाय र परिषद्संगको परामर्श समेतका आधारमा गा.वि.स. नगर, जिल्ला, लाभान्वीत वर्ग, विकास क्षेत्र (Sector of Development) को छनौट गर्नु पर्ने छ । परिषद् कार्यालयले पनि आवश्यकता अनुसार परियोजनाहरुको कार्य क्षेत्र र जिल्ला तोक्न सक्नेछ साथै हुम्ला, मुगु, कालिकोट, डोल्पा, जुम्ला, मनाङ्ग, रसुवा, ताप्लेजुङ्ग, वाजुरा, संखुवासभा, मुस्ताङ्ग, दार्चुला, वझाङ्ग, र रोल्पा जिल्लाहरु प्राथमिकता क्रममा रहेका छन् । | अन्तराष्ट्रिय गैरसरकारी संस्थाद्धारा तर्जुमा हुने कार्यक्रम मानव विकास सूचाङ्कको प्राथमिकता क्रममा रहेका जिल्लालाई अनिवार्य रुपमा समेटेर मुलुकको समानुपातिक विकास गर्न आवश्यक भएकोले । |
| २ | नियम ४ को खण्ड ख १ थप | थप गर्ने | नियम ४ को खण्ड ख १ थप गर्ने: साधारण सम्झौता सम्पन्न भए पछि परियोजना तर्जुमा गर्दा परिषद् कार्यालयसंगको समन्वय र सम्पर्कमा रहि गर्नु पर्ने छ । | देशको सन्तुलित विकासमा सहयोग पुराउन आवश्क भएकोले । |
| ३ | ४ (ङ) | प्रत्येक अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले परिषद्संग सम्झौता गरिसके पछि जि.वि.स. तथा गा.वि.स./नगरपालिकाको वार्षिक तथा आवधिक योजनामा आफ्नो परियोजना समावेश गराउने । | ४ (ङ) संशोधन: अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले परिषद्संग सम्झौता भए पछि अनिवार्य रुपमा जिल्लामा परियोजना संचालन पूर्व सम्वन्धि जिल्ला स्थित सरोकारवाला निकायहरुलाई परियोजना संचालन सम्वन्धि जानकारी गराएको अभिलेख परिषद् कार्यालयमा पेश गर्नु पर्नेछ । | जिल्ला स्थित सर्म्वान्धि निकायहरुलाई परियोजनाका सम्वन्धमा जानकारी गराउन आवश्यक भएकोले । |
| ४ | नियम ७ को उप नियम ७.१ को खण्ड (क) संशोधन | साझेदारी संस्था छनौट पारदर्शिता हुने गरि Expression of Intrest हुने गरि गर्ने । | नियम ७ को उप नियम ७.१ को खण्ड (क) संशोधन: साझेदारी संस्था छनौट गर्दा सर्म्वान्धित जिल्लाका स्थानीय गैरसरकारी संस्थावाट Expression of Intrest माग गरि पारदर्शिता हुने गरि संस्था छनौट गर्ने । यसरी संस्था छनौट गर्ने कार्यमा परिषद्लाई अनिबार्य सहभागि गराउने । कुनै णवस Expression of Intrest गर्न नसकेमा परिषद्सग समन्वय गरि स्थानीय गैरसरकारी संस्थाको छनैट गर्ने । | संस्था छनौटमा पारदर्शिता, जावफदेहिता र परिषद्लाई पनि सहभागि गराउन आवश्यक भएकोले । |
| ५ | नियम ७ को उपनियम ७१ को खण्ड ग मा संशोधन | परियोजना कार्यान्वयन हुने जिल्लामा दर्ता भएका गैरसरकारी सामाजिक संस्थालाई लिने । तर विशेष किसिमको प्राविधिक तथा अनुसन्धानका क्षेत्रमा काम गर्ने स्थानीय गैरसरकारी संस्था सर्म्वान्धित जिल्लामा नभएको भन्ने पुष्ट्याई सहित आएको अवस्थामा जिल्ला वाहिरका गैरसरकारी संस्थालाई सहयोगी संस्थाको रुपमा अनुमति दिन सकिने छ । तर, स्थापित जिल्ला भन्दा वाहिरी जिल्लामा कार्यक्रम सञ्चालन गर्ने भएमा त्यस्तो जिल्लाको स्थानीय संस्थालाई अनिवार्य सहयोगी (साझेदार) संस्थाका रुपमा राख्नु पर्नेछ ।तर परियोजना स्थल हुने जिल्लाका गैरसरकारीहरु योग्य नभएमा छिमेकी जिल्लाका नेपाली गैरसरकारी सामाजिक संस्थाहरुको छनौट गर्ने, छिमेकी जिल्लाहरुमा पनि नभए अंचल तथा क्षेत्रिय स्तरका संस्थाहरुको छनौट गर्ने । यस्तो अवस्थामा कम्तिमा दुई वर्षको अनुभव भएका संस्थाहरुको छनौट गर्नु पर्ने छ। तर विशेष किसिमका, प्राविधिक क्षेत्रमा साझेदारी राख्दा सो क्षेत्रमा दुई वर्षको अनुभव भन्दा कम भए पनि सर्म्वान्धित जिल्लामा दर्ता भएका मध्येवाट सहायक साझेदारी संस्थाको रुपमा छनौट गर्ने र ६ महिना देखि १ वर्ष सम्मको क्षमता अभिवृद्धि तालिम प्रदान पश्चात मूल साझेदारी संस्था कार्यक्रमवाट वाहिरिनु पर्नेछ । | नियम ७ को उपनियम ७.१ को खण्ड ग मा संशोधन: परियोजना कार्यान्वयन हुने जिल्लामा दर्ता भएका गैरसरकारी सामाजिक संस्थालाई लिने । तर विशेष किसिमको प्राविधिक तथा अनुसन्धानका क्षेत्रमा काम गर्ने स्थानीय गैरसरकारी संस्था संम्वन्धित जिल्लामा नभएको भन्ने पुष्ट्याइ सहित आएको अवस्थामा जिल्ला वाहिरका गैरसरकारी संस्थालाई सहयोगी संस्थाको रुपमा अनुमति दिन सकिने छ । तर, स्थापित जिल्ला भन्दा वाहिरी जिल्लामा कार्यक्रम सञ्चालन गर्ने भएमा त्यस्तो जिल्लाको स्थानीय संस्थालाई अनिवार्य सहयोगी (साझेदार) संस्थाका रुपमा राख्नु पर्नेछ ।तर परियोजना स्थल हुने जिल्लाका गैरसरकारीहरु योग्य नभएमा छिमेकी जिल्लाका नेपाली गैरसरकारी सामाजिक संस्थाहरुको छनौट गर्ने, छिमेकी जिल्लाहरुमा पनि नभए अंचल तथा क्षेत्रिय स्तरका संस्थाहरुको छनौट गर्ने । यस्तो अवस्थामा कम्तिमा दुई वर्षको अनुभव भएका संस्थाहरुको छनौट गर्नु पर्ने छ । तर विशेष किसिमका, प्राविधिक क्षेत्रमा साझेदारी राख्दा सो क्षेत्रमा दुई वर्षको अनुभव भन्दा कम भए पनि सम्वन्धित जिल्लामा दर्ता भएका मध्येवाट सहायक साझेदारी संस्थाको रुपमा छनौट गर्ने र ६ महिना देखि १ वर्ष सम्मको क्षमता अभिवृद्धि तालिम प्रदान पश्चात मूल साझेदारी संस्था कार्यक्रमवाट वाहिरिनु पर्नेछ । यस अघि जे भनिए पनि अत्यावश्यक स्वास्थ्य सम्वन्धी विशेषज्ञ सहितको सेवा तथा अनुसन्धानको क्षेत्रमा कार्य गर्न चाहेमा केन्द्रीय स्तरको दुई वर्षको अनुभव भएका संघसंस्थाहरुवाट कार्यक्रम संचालन गर्न परिषद् कार्यालयले स्वीकृत दिन सक्नेछ । | अत्यावश्यक स्वास्थ्य सम्वेन्धी विशेषज्ञ सहितको सेवा तथा अनुसन्धानको क्षेत्रमा कार्य गर्न चाहेमा केन्द्रीय स्तरको संघसंस्थाहरुलाई कार्यक्रम संचालन गर्ने अवशर दिन आवश्यक भएकोले । |
| ६ | नियम ७ को उप नियम ७.१ को | थप गर्ने | नियम ७ को उप नियम ७.१ को खण्ड (घ) थप: उपनियम ७.१ (क) र उपनियम ७.१ (ग) वमोजिम छनौट भएका साझेदारी संस्थाका सम्वन्धमा कुनै सरकारी निकाय वा परिषद् कार्यालयमा आर्थिक तथा व्यवस्थापकिय | साझेदारी संस्थामा भएको आर्थिक तथा व्यवस्थापकिय अनियमितता सम्वन्धी सवालमा उठेका उजुरी किनारा वा सफाई वा उजुरीको चित्त वुझ्दो उचित पुष्ठाई नभए सम्म |

| | | | | |
|---|---|---|---|---|
| | खण्ड :घ: थप | | अनियमितताका सम्बन्धमा उजुरी वा मुद्दा भएका लिखित नस्सा प्रमाण परिषद् कार्यालयमा प्राप्त भए, त्यस्तो उ.,.मा सफाई पाएको निस्सा सहित चित्त वुझ्दो पुष्टाई सम्बन्धित पक्षवाट प्राप्त हुनु पर्नेछ । | परियोजना संचालनको जिम्मेवार दिन उचित नहुने भएकोले थप व्यवस्था गर्न आवश्यक भएको । |
| ७ | नियम ७ को उपनियम ७.२ को खण्ड ग संशोधन | समाज कल्याण परिषद्मा आवद्ध भई नियमित प्रगति प्रतिवेदन वुझाएको । | नियम ७ को उपनियम ७.२ को खण्ड ग संशोधन: समाज कल्याण परिषदमा आवद्ध भई नियमित नवीकरण र प्रगति प्रतिवेदन वुझाएको । | परिषद्मा आवद्धता भएका संस्थाहरुको हरेक तीन तीन वर्षमा नविकरणको व्यवस्था भएकोले सो वमोजिम व्यवस्था निर्देशिकामा गराउन आवश्यक भएकोले । |
| ८ | नियम १२ संशोधन | अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परियोजना तयार गर्दा जोडिएको भौगोलिक क्षेत्रमा (Cluster) आधारित रहेर गर्नु पर्नेछ । सम्वन्धित मन्त्रालयको सिफारिस र मनासिव कारण वाहेक छरिएको जिल्लाहरुमा परियोजना संचालन गर्न निरुत्साहित गरिएको छ । जिल्ला छनौटको औचित्यत उल्लेख भएको हुनु पर्नेछ । | नियम १२ को संशोधन: अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परियोजना तर्जुमा गर्दा जोडिएको भौगोलिक क्षेत्रमा (Cluster) आधारित रहेर गर्नु पर्ने छ । सम्बन्धित मन्त्रालयको सिफारिस र मनासिव कारण वाहेक छरिएको जिल्लाहरुमा परियोजना संचालन गर्न निरुत्साहित गरिएको छ । जिल्ला छनौटको औचित्य उल्लेख भएको हुनु पर्नेछ तर परिषद् कार्यालयलाई औचित्यता चित्त वुझ्दो नलागे त्यस्ता जिल्लाको वदला अन्य जिल्ला छनोट गर्नु पर्नेछ । | परियोजना तयार गर्दा जोडिएको भौगोलिक क्षेत्रमा (Cluster) आधारित रहेर गर्नु पर्ने व्यवस्थालाई गर्न आवश्यक भएकोले । |
| ९ | नियम १९ संशोधन | परियोजना सम्झौतामा वर्षको २ पटक परियोजनाको समिक्षा गर्न केन्द्र स्तरीय र जिल्ला स्तरीय परियोजना सल्लाहकार समिति गठन गर्ने प्रावधान हुनु पर्ने छ । केन्द्रिय परियोजना सल्लाहकार समितिमा अन्तर्राष्ट्रिय गैरसरकारी परियोजना सहजिकरण समितिमा प्रतिनिधित्व गर्ने सवै मन्त्रालयहरु, राष्ट्रिय योजना आयोग, परिषद र अन्तर्राष्ट्रिय गैससका प्रतिनिधि रहने प्रावधान परियोजना संझौतामा उल्लेख भएको हुनु पर्ने । त्यस्तो समितिको अध्यक्षता परिषदको सदस्य-सचिव र सह अध्यक्षता अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको देशीय प्रतिनिधिले गर्ने प्रावधान हुनु पर्ने छ । त्यसैगरी, जिल्ला स्तरीय परियोजना समितिमा जि.वि.स.का स्थानीय बिकास अधिकारी वा निजले तोकेको प्रतिनिधिको अध्यक्षतामा सम्वन्धित जिल्ला स्थित सरकारी संस्था, साझेदारी संस्था र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनिधिहरुले प्रतिनिधित्व गर्ने प्रावधान उल्लेख गर्ने । | नियम १९ संशोधन: परियोजना सम्झौतामा वर्षको २ (दुई) पटक परियोजनाको समिक्षा गर्न केन्द्र स्तरीय र जिल्ला स्तरीय परियोजना सल्लाहकार समिति गठन गर्ने प्रावधान हुनु पर्ने छ । केन्द्रिय परियोजना सल्लाहकार समितिमा अन्तर्राष्ट्रिय गैरसरकारी परियोजना सहजिकरण समितिमा प्रतिनिधित्व गर्ने सवै मन्त्रालयहरु, राष्ट्रिय योजना आयोग, परिषद् र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधि रहने प्रावधान परियोजना संझौतामा उल्लेख भएको हुनु पर्ने छ । त्यस्तो समितिको अध्यक्षता परिषद्को सदस्य-सचिव र सह अध्यक्षता अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको देशीय प्रतिनिधिले गर्ने प्रावधान हुनु पर्ने छ । त्यसैगरी, जिल्ला स्तरीय परियोजना सल्लाहकार समितिमा जि.वि.स.का स्थानीय बिकास अधिकारी वा निजले तोकेको प्रतिनिधिको अध्यक्षतामा सम्बन्धित जिल्ला स्थित सरकारी संस्था, साझेदारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरुले प्रतिनिधित्व गर्ने प्रावधान उल्लेख गर्ने । | भाषा र शव्दावली मिलान गर्न आवश्यक भएकोले । |
| १० | नियम २१ खण्ड ञ | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा गैरसरकारी सामाजिक संस्थाको वैंक खाता परिषद्को सिफारिसमा कुनै वाणिज्य वैंकमा खोल्नु पर्ने छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको वैक खाता देशिय प्रतिनिधि र एक नेपाली कर्मचारी सहित दुई जनाको संयुक्त हस्ताक्षरवाट संचालन हुने छ । | नियम १९ खण्ड ञ संशोधन: अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा राष्ट्रिय गैरसरकारी सामाजिक संस्थाको वैंक खाता परिषद्को सिफारिसमा कुनै वाणिज्य वैंकमा खोल्नु पर्ने छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको वैक खाता देशिय प्रतिनिधि र एक नेपाली कर्मचारी सहित दुई जनाको संयुक्त हस्ताक्षरवाट संचालन हुने छ । तर प्रत्येक परियोजनाको लागि भिन्दा भिन्दै खाता खोली व्यवस्थित गर्नु पर्नेछ । यस्ता वैक खाताहरु अनिवार्य रुपमा परिषद्को सिफारिमा खोल्नु पर्नेछ । यस पूर्व खोलिएका वैक खाताहरुको अद्यावधिक विवरण र यस्ता खाताहरु वन्द भए सो जानकारी परिषद् कार्यालयलाई गराउनु पर्ने छ । | परियोजनाहरुको आम्दानी खर्च नियमन गर्न सरल र सहज गर्न आवश्यक भएकोले । |
| ११ | नियम २१ खण्ड ट संशोधन | वहु साझेदारी सस्था र वहुजिल्ला परियोजनामा समावेस भएमा जिल्लै पिच्छे र साझेदारी संस्थै पिच्छे वजेट देखाउनु पर्नेछ । | नियम २१ को खण्ड ट संशोधन: बहु साझेदारी सस्था र बहुजिल्ला परियोजनामा समावेस भएमा जिल्लाहरु र साझेदारहरुको अलगअलग बजेट तथा कार्यक्रम देखाउनु पर्नेछ । | वहु जिल्लाहरुमा संचालन हुने कार्यक्रमहरु, वजेट र कृयाकलाप पनि भिन्दाभिन्दै हुन आवश्य भएकोले । |
| १२ | नियम २१ क थप गर्ने | थप गर्ने | २१ क थप गर्ने: अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परियोजनाको सहयोगार्थ क्षेत्रिय वा जिल्ला स्तरमा कार्यालय स्थापना गर्न आवश्यकता पर्ने भए सो कारण सहितको पुष्टाई परियोजना सम्झौतामा नै उल्लेख गरेर मात्र खोल्न पाईने छ । | परियोजना सम्झौता प्रस्तावमा क्षेत्रिय वा जिल्ला स्तरमा कार्यालयको प्रस्ताव नभएता पनि कार्यालय स्थापना गर्ने प्रचलन भएकोले त्यस्लाई परियोजना सम्झौतामा नै अभिलेखिकरण गर्न आवश्क भएकोले । |
| | नियम २४ | परियोजना संझौतामा आर्थिक तथा परियोजनागत बिबरणको सार्वजनिक लेखापरीक्षण/ सुनुवाइ कार्यकम मार्फत प्रत्येक परियोजना स्थलमा परियोजना आरम्भ हुनु भन्दा पूर्व र परियोजना समाप्त भएपछि सार्वजनिक/ सामाजिक लेखा परिक्षण/ सुनुवाइ गर्ने प्रष्ट प्रावधान हुनुपर्ने छ । त्यसै गरी अनुसूची ५ वमोजिमको आर्थिक तथा परियोजना विवरणको सूचना स्थानीय निकायको (जि.वि.स., नगरपालीका/ गा.बि.स.) सूचना पाटीमा र कम्तीमा २ वटा स्थानिय पत्रपत्रिकामा वर्ष बर्षमा दिने प्रावधान राख्ने । | नियम २४ संशोधन: परियोजना संझौतामा आर्थिक तथा परियोजनागत बिबरणको सार्वजनिक लेखापरीक्षण/सुनुवाई (Public Audit/Hiring) कार्यकम मार्फत प्रत्येक परियोजना स्थलमा परियोजना आरम्भ हुनु भन्दा पूर्व र परियोजना समाप्त भएपछि सार्वजनिक/ सामाजिक लेखा परिक्षण/सुनुवाइ गर्ने प्रष्ट प्रावधान हुनुपर्ने छ । त्यसै गरी अनुसूची ५ वमोजिमको आर्थिक तथा परियोजना विवरणको सूचना स्थानीय निकायको (जि.बि.स., नगरपालीका/ गा.बि.स.) सूचना पाटीमा र कम्तीमा २ वटा स्थानिय पत्रपत्रिकामा वर्ष वर्षमा दिने प्रावधान राख्ने । | भाषा र शव्दावली मिलाउन आश्यक भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| १३ | नियम ३२ को खण्ड ङ थप गर्ने | थप गर्ने. | नियम ३२ को खण्ड ङ थप गर्ने:<br>एक परियोजना सम्झौता अवधिमा एक पटक मात्र परियोजना सम्झौता संशोधन गर्न सकिने छ । तर, नोकष्ट एक्सटेन्सन गर्न सकिनेछ । | परियोजना सम्झौता संशोधन। सम्बन्धम सष्टना हुन आवश्यक भएकोले । |
| १४ | नियम ३२ खण्ड ग संशोधन | मुल सम्झौता भएको कुल बजेटको २५% भन्दा वढि संसोधन गर्न पाईने छैन । यसरी संसोधन गरिएको अधिकतम् रकम दश करोड भन्दा वढि हुनेछैन । | नियम ३२ को खण्ड ग संशोधन :<br>• मुल सम्झौता भएको कुल वजेटको २०% भन्दा वढि संसोधन गर्न पाईने छैन । यसरी संसोधन गरिएको अधिकतम् रकम पांच करोड भन्दा वढि हुने छैन ।<br>• अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले देशिय कार्यालय वाहेक नेपाल भित्र परियोजना सहयोगार्थ कार्यालय संचालन गर्नु पर्ने भए पूस्वीकृती लिनु पर्नेछ । यस पूर्व संचालन भै सकेका कार्यालयहरुको अद्यावधिक विवरण परिषद् कार्यालयमा दिनु पर्नेछ । | वजेट संशोधनलाई निरुत्साहित गर्न आवश्यक भएकोले । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले संचालन गरेका परियोजना सहयोगार्थ कार्यालयहरुको विवरण अद्यावधि विवरण परिषद् कार्यालयको अभिलेखमा राख्न आवश्यक भएकोले । |

## तेस्रो संशोधन, २०७५

**६. परियोजना सम्झौता सम्बन्धी निर्देशिका संशोधन सम्बन्धमा :**

परियोजना सम्झौता सम्बन्धी निर्देशका २०७१ को नियम ३२ को खण्ड (ङ) मा देहाय बमोजिमको संशोधन गरिएको छ ।

नियम ३२ को खण्ड (ङ) “एक परियोजना सम्झौता अवधिमा आवश्यकता र औचित्यताका आधारमा थप एक पटक परियोजना सम्झौता संशोधन गर्न सकिने छ । तर परियोजनाको वजेट संशोधनको सम्बन्धमा नियम ३२ को खण्ड (ग) को पहिलो वुलेटमा लेखिएको वजेट सीमाभित्र रहनु पर्नेछ ।